# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.:

च.नं..:

मिति: २०८१/१०/३० गते

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन आव्हान सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५(दोस्रो संसोधन, २०७७ सहित) को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५(दोस्रो संसोधन, २०७८ सहित), को दफा १८ बमोजिम आगामी आ.व. २०८२/०८३ को लागि यस देवघाट गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सामुदायिक तथा अन्य विकास निर्माणका काममा योगदान गर्न ईच्छुक १८ देखि ५९ बर्ष उमेरका बेरोजगार व्यक्तिहरुले **२०८१ फागुन मसान्त भित्रमा आफुले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन** सम्बन्धीत सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, देवघाट गाउँपालिकाको वेव साईट **www.devghatmun.gov.np** बाट नि:शुल्क प्राप्त गर्न सकिने छ । निवेदन दिनका लागि न्यूनतम योग्यता र आवश्यक कागजातहरु तपशिल बमोजिम रहेका छन ।

**तपशिल :**

(१) एक आर्थिक बर्षमा न्यूनतम १०० दिन रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम बार्षिक आय भन्दा कम आम्दानी रहेका, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा संलग्न भई काम गर्न ईच्छुक परिवारका व्यक्तिहरु ।

(२) निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यको नागरिकता नं., जारी मिति र जन्म मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था, सामाजिक सुरक्षा भत्ता लिए/नलिएको विवरण ।

(३) निवेदकको निवेदन तथा परिवारको यथार्थ विवरण खुलेको संलग्न ढाँचा बमोजिमको स्वयंमले हस्ताक्षर गरेको पूर्ण निवेदन ।

(४) निवेदकको नागरिकताको प्रतिलिपि १ प्रति ।

(५) निवेदकको हालसालै खिचिएको पासपोर्ट साईजको फोटो १ प्रति ।

(६) नागरिकता भन्दा फरक ठेगाना भए विवाहा दर्ता वा बसाईसराई दर्ताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति।

(७) सम्बन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्बर ।

(८) निवेदकको बैङ्क खाताको विवरण र वार्षिक पारिवारिक आम्दानी।

(९) चालु आ.व. को सूचिकृत बेरोजगार व्यक्ति भएमा नविकरणका लागि आवश्यक विवरण सहितको निवेदन ।

साथै सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदनहरुलाई मात्र E-MIS मा दर्ता गरिने हुदाँ सो बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ । थप जानकारीका लागि ९८४४२०९९६४ वा ०५६-५०००६८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा: Website मा Upload गरिदिनुहुन ।
श्री वडा कार्यालय सबै: सूचना सम्प्रेषण तथा आवेदन फाराम संकलन गरिदिनुहुन ।

०८१/१०/३०

..........................
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत